# नेपाल बीमा प्राधिकरण
## पदपूर्ति समिति

## कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवा/आन्तरिक प्रतियोगिता/खुला/समावेशी प्रतियोगितात्मक माध्यमद्वारा गरिने पदपूर्ति सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति : २०८१।०९।१९)

### १. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम १४ बमोजिम तपसिल बमोजिमका पदहरूमा कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका सम्भाव्य उम्मेदवारहरूले मिति २०८१।१०।१८ गते (यो सूचना गोरखापत्रमा प्रकाशन भएको एक महिनाभित्र, दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) नेपाल बीमा प्राधिकरण, मानव संसाधन शाखा, कुपण्डोल, ललितपुरमा दरखास्त पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

| क्र. सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | किसिम | माग पद सङ्ख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०८१-८२ | कार्यकारी निर्देशक | विशिष्ट श्रेणी | नेपाल बीमा प्राधिकरण, प्रशासन | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) | बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ बमोजिमको सेवा अवधि पूरा गरेको र विनियम २० तथा अनुसूची ६ बमोजिम शैक्षिक योग्यता पूरा गरेको । |
| २. | २/२०८१-८२ | निर्देशक | अधिकृत प्रथम | नेपाल बीमा प्राधिकरण, प्रशासन | कार्यक्षमताको मूल्याङ्कन | ४ (चार) | |
| ३. | ३/२०८१-८२ | उप निर्देशक | अधिकृत द्वितीय | नेपाल बीमा प्राधिकरण, प्रशासन | कार्यक्षमताको मूल्याङ्कन | ३ (तीन) | |
| ४ | ४/२०८१-८२ | उप निर्देशक (कानून) | अधिकृत द्वितीय | नेपाल बीमा प्राधिकरण, कानून | कार्यक्षमताको मूल्याङ्कन | २ (दुई) | |

### २. आन्तरिक प्रतियोगिताद्वारा हुने बढुवा

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम बीमा समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ को विनियम १४ बमोजिम तपसिल बमोजिमका पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ७५ बमोजिम तोकिएको सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका सम्भाव्य उम्मेदवारहरूले मिति २०८१।१०।१८ गते (यो सूचना गोरखापत्रमा प्रकाशन भएको एक महिना) भित्र नेपाल बीमा प्राधिकरण, मानव संसाधन शाखा, कुपण्डोल, ललितपुरमा दरखास्त पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिनेछैन । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले प्राधिकरणको https://vacancy.nia.gov.np मा अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | ५/२०८१-८२ | उप निर्देशक | अधिकृत द्वितीय | नेपाल बीमा प्राधिकरण, प्रशासन | आन्तरिक प्रतियोगिता | १ (एक) |

### ३. खुला/समावेशी प्रतियोगितात्मक लिखित परीक्षा

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस प्राधिकरणमा रिक्त तपसिल बमोजिमका पदहरूमा बीमा समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ को विनियम १४ बमोजिम खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिनेछैन । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले प्राधिकरणको https://vacancy.nia.gov.np मा अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | ६/२०८१-८२ | सहायक निर्देशक | अधिकृत तृतीय | नेपाल बीमा प्राधिकरण, प्रशासन | खुला | ३ (तीन) |
| २. | ७/२०८१-८२ | | | | महिला | १ (एक) |
| ३. | ८/२०८१-८२ | | | | मधेशी | १ (एक) |
| क्र.सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | किसिम | माग पद सङ्ख्या |
| ४. | ९/२०८१-८२ | सहायक निर्देशक (कानून) | अधिकृत तृतीय | नेपाल बीमा प्राधिकरण, कानून | खुला | ३ (तीन) |
| ५. | १०/२०८१-८२ | | | | महिला | १ (एक) |
| ६. | ११/२०८१-८२ | | | | अपाङ्ग | १ (एक) |
| क्र.सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | किसिम | माग पद सङ्ख्या |
| ७. | १२/२०८१-८२ | सहायक प्रथम | सहायक प्रथम | नेपाल बीमा प्राधिकरण, प्रशासन | खुला | २ (दुई) |
| ८. | १३/२०८१-८२ | | | | महिला | १ (एक) |
| ९. | १४/२०८१-८२ | | | | दलित | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

**द्रष्टव्य:**

१. **परीक्षाको किसिमः** पाठ्यक्रममा तोकिए बमोजिम लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम भाषा र किसिम सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ) ।

२. **लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

३. **लिखित परीक्षाको मिति र परीक्षा केन्द्रः** लिखित परीक्षाको मिति र परीक्षा केन्द्र लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

४. **दरखास्त दस्तुरः** अधिकृत स्तर प्रथम श्रेणीको हकमा रु. २,५०० (दुई हजार पाँच सय), अधिकृत स्तर द्वितीय श्रेणीको हकमा २,००० (दुई हजार), अधिकृत स्तर तृतीय श्रेणीको हकमा रु. १,२००।- (एक हजार दुई सय) र सहायक प्रथम श्रेणीको हकमा रु. ७००।- (सात सय) हुनेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारका हकमा थप प्रति समूहका लागि अधिकृत स्तर हकमा रु. ४००।- (चार सय) र सहायक प्रथम श्रेणीको हकमा रु. २००।- (दुई सय) थप दस्तुर बुझाउनुपर्नेछ ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०८१।१०।१८ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।१०।२५ गतेसम्म ।

६. **उम्मेदवारको उमेरको हदः** बीमा समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ को विनियम १९ मा भएको व्यवस्था बमोजिम
   (क) अधिकृत तृतीय श्रेणीका पदका लागि दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २१ वर्ष पूरा भएको र ३५ वर्ष उमेर ननाघेको साथै महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ,
   (ख) सहायक प्रथम पदका लागि दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भएको र ३५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ साथै महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ,
   (ग) नेपाल बीमा प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन ।

७. **दरखास्त दस्तुर बुझाउने विधिः** दरखास्त दस्तुर प्राधिकरणको अनलाइन दरखास्त प्राणालीमार्फत विद्युतीय माध्यम (eSewa वा Khalti वा connect IPS) बाट बुझाउनुपर्नेछ ।

८. **अपलोड गर्नु पर्ने कागजातहरूः** उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता (समकक्षता वा सम्बद्धता आवश्यक भए सो समेत), अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरू अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नुपर्नेछ । दरखास्तमा उल्लिखित विवरणको सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

९. **अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः** लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा सूचना गरिनेछ ।

१०. **तलब र सुविधाः** बीमा समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ बमोजिम हुनेछ ।

११. **आवश्यक न्यूनतम शैक्षिक योग्यता (खुला तथा समावेशी समूहतर्फ समेत)**
   (क) अधिकृत तृतीय श्रेणी, प्रशासन समूह, सहायक निर्देशक पदका लागिः मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको ।
   (ख) अधिकृत तृतीय श्रेणी, कानून समूह, सहायक निर्देशक(कानून) पदका लागिः मान्यताप्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।
   (ग) सहायक स्तर प्रथम श्रेणी, प्रशासन समूह, सहायक प्रथम पदका लागिः मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तहको उपाधि प्राप्त गरेको ।

१२. **समावेशी समूहका उम्मेदवारले पेश गर्नु पर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः** दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी पेश गर्नुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भए पछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको प्रतिलिपि समेत साथमा लिई आउनुपर्नेछ । उल्लिखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समयमा दरखास्त रद्द हुन सक्नेछ।

(क) **मधेशीको हकमा**: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमाजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेका कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात ।

(ख) **दलितका हकमा**: राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएका जातिका हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएका जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएका जाति भित्रका थर भनी प्रमाणित गराएको कागजात ।

(ग) **अपाङ्गका हकमा:** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्ग परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र ।

१३. **विविधः**
   (क) सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्म न्यूनतम शैक्षिक योग्यता, सेवा अवधि, उमेर, अनुभव पूरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई यो प्रयोजनका लागि गणना गरिनेछैन ।
   (ख) नेपाल बीमा प्राधिकरणको बहालवाला कर्मचारीले समान श्रेणीको पदमा उम्मेदवार बन्न पाउनेछैन ।
   (ग) नेपाल बीमा प्राधिकरणद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन ।
   (घ) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरूले दरखास्त दिने अन्तिम मितिभित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई सो कागजात स्क्यान गरी निर्धारित स्थानमा अपलोड गर्नुपर्नेछ ।
   (ङ) उम्मेदवारले प्रवेश पत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपले खुलाउनुपर्नेछ ।
   (च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ ।
   (छ) विज्ञापन भएका पदहरूको अद्यावधिक पाठ्यक्रम नेपाल बीमा प्राधिकरणको वेबसाइट www.nia.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
   (ज) लिखित परीक्षामा आउँदा उम्मेदवारले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र र प्राधिकरणको अनलाइन दरखास्त प्रणालीबाट आफैंले डाउनलोड गरी प्रवेश पत्र अनिवार्य लिई आउनुपर्नेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**